आज मिति २०७४ साल श्रावण ८ गते आइतबारको दिन गौमुल गाउँपालिकाका अध्यक्ष श्री जमानसिंह केरुङ्गी ज्यूको अध्यक्षतामा गौमुल गाउँपालिकाको नियमित बोर्ड बैठक बस्यो, उपस्थिति सबै निर्णय देहाय बमोजिम छन् :

**उपस्थिति**

| | |
|---|---|
| श्री जमानसिंह केरुङ्गी — | अध्यक्ष-सभाध्यक्ष |
| श्री हिमाकुमारी शाही — | उपाध्यक्ष-सदस्य |
| श्री दयाराम वैद्य शाह | वडाअध्यक्ष वडा नं.१ — " |
| श्री आलोककुमार शाह — | " " २ — " |
| श्री पुनाराम शाह | " " ३ — " |
| श्री बल बहादुर बलाउने — | " " ४ — " |
| श्री धर्मप्रकाश शाह | " " ५ — " |
| श्री टेक बहादुर चौधरी — | " " ६ — " |
| श्री शान्ति चौधरी | सदस्य |
| श्री राजु बडुवाल क्षेत्री — | " |
| श्री मौनिला शर्मा पौडेल | " |
| श्री चन्द्रकला कामी — | " |
| श्री लक्ष्मण बहादुर ~~[illegible]~~ नेपाली | " |
| श्री राम बहादुर [illegible] — | " |
| श्री भीम बहादुर खत्री — | कार्यकारी अधिकृत-सं.सं. |

३५

## आमन्त्रित

श्री हर्कप्रसाद चौधरी – वडा अध्यक्ष वडा नं ४

श्री राजकुमार पौडेल – " " ५

श्री दिपेन्द्रकुमार तिमिल्सिना – " " २

श्री भुमिराज घिमिरे – " " ३

श्री भागीराम चौधरी – " " १

श्री नरलसिंह कोइ – लेखापाल

श्री नारायणप्रसाद भण्डारी – राजस्व

श्री भुपेन्द्र बहादुर थापा – प्रशासकीय अधिकृत

श्री पंकज रायमाझी — वैद्य

श्री सुनिल पौडेल — का. स.

### प्रस्तावहरु

(क)

१. परिषद/गाउँसभा आह्वान गर्ने सम्बन्धमा

२. विषयगत समिति निर्माण गर्ने सम्बन्धमा

३. कानून निर्माणकालागी परामर्शदाता/सहजकर्ता व्यवस्था गर्ने सम्बन्धमा

(ख) विविध

(क) वारे मझुमत गर्ने सम्बन्धमा

(ख) राजस्व दररेट प्रस्ताव पेश गर्ने सम्बन्धमा

(ग) डेलिगेसनकालागी काठमाडौं जाने सम्बन्धमा

(घ) अर्को बैठक तोकने सम्बन्धमा

५१

**(क) प्रस्तावहरु**

१ परिषद/ गाउँ सभा आह्वान गर्ने सम्वन्धमा

२ विषयगत समिति निर्माण गर्ने सम्वन्धमा

३ कानुन निर्माणका लागि परामर्शदाता/सहजकर्ता व्यवस्था गर्ने सम्वन्धमा

४ **विविध -**

(क) वाटो मर्मत गर्ने सम्वन्धमा

(ख) राजश्व दररेट प्रस्ताव पेश गर्ने सम्वन्धमा

(ग) डेलिगेशनका लागि काजमा जाने सम्वन्धमा

(घ) अर्को वैठक तोक्ने सम्वन्धमा

**निर्णय नं.१**

प्रस्ताव नं. १ माथी छलफल गर्दा यस गेरुवा गाउँपालिकाको गाउँ परिषद/ गाउँ सभाको पहिलो वैठक आगामी श्रावण २७ गते देखी गेरुवा गाउँपालिकाको वैठक कक्षमा सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२**

निर्णय नं.२ माथी छलफल गर्दा देहाय वमोजिमका ६ वटा विषयगत समिति गठन गरी सो समितिहरुको संयोजक,अन्य सदस्यहरु र कार्य विवरण तोकी कार्यान्वयनमा लैजाने जिम्मेवारी गाउँपालिकाका अध्यक्षज्यूलाई दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्दिष्ट बिषयगत समितिहरुः-**

**(क) सामाजिक सेवा तथा क्षमता विकाश समिति**

१ वडाध्यक्ष श्री

२ सदस्य श्री

३ सदस्य श्री

४ वडा सचिव -सहजकर्ता

**(ख) सामाजिक विकाश समिति**

१ वडाध्यक्ष श्री

२ सदस्य श्री

३ सदस्य श्री

४ वडा सचिव -सहजकर्ता

Scanned by CamScanner

**(ग) पूर्वाधार विकाश समिति**

| | | |
|---|---|---|
| १ | वडाध्यक्ष श्री | |
| २ | सदस्य श्री | |
| ३ | सदस्य श्री | |
| ४ | वडा सचिव | सहजकर्ता |

**(घ) विधेयक समिति**

| | | |
|---|---|---|
| १ | वडाध्यक्ष श्री | |
| २ | सदस्य श्री | |
| ३ | सदस्य श्री | |
| ४ | वडा सचिव | -सहजकर्ता |

**(ङ) आर्थिक विकाश समिति**

| | | |
|---|---|---|
| १ | वडाध्यक्ष श्री | |
| २ | सदस्य श्री | |
| ३ | सदस्य श्री | |
| ४ | लेखापाल | -सहजकर्ता |

**(च) वातावरण तथा विपत व्यवस्थापन समिति**

| | | |
|---|---|---|
| १ | वडाध्यक्ष श्री | |
| २ | सदस्य श्री | |
| ३ | सदस्य श्री | |
| ४ | वडा सचिव | सहजकर्ता |

**निर्णय नं.३**

प्रस्तावनं.३ माथी छलफल गर्दा यस गेरुवा गाउँपालिकाका लागि आवश्यक पर्ने ऐन/नियम/नियमावली/निर्देशिका लगायत सवै कानुनहरु निर्माण गर्नका लागि टोलस्तर देखी वडा विषयगत समिति र गाउँ कार्यपालिका तथा गाउँ सभा सम्म विभिन्न ७ चरणमा छलफल गरी निर्माण गर्नु पर्ने भएकोले सो को लागि मस्यौदा तयार पारी छलफलमा ल्याउनका लागि विषयगत समितिहरुम कानुनी परामर्शदाता/सहजकर्ताको भूमिका निर्वाह गर्नका लागि अधिवक्ता श्री भेष वहादुर चौधरीला मनोनयन गर्ने र निजलाई काममा खटिएको दिनमा दैनि रु.२५००।-दुईहजार पाँचसय पारिश्रमिक तोक साथै अन्य कुराहरु निजको ल फर्ममार्फत निज अधिवक्ता भेष वहादुर चौधरी र गेरुवा गाउँपालिकाक तर्फबाट कार्यकारी अधिकृत श्री भीम वहादुर खत्री विच सम्झौता गरी सो वमोजिम कार्य सम्पादन ग सर्वसम्मत निर्णय गरियो ।

Scanned by CamScanner

**निर्णय नं.४**

प्रस्ताव नं.४(क) माथी छलफल गर्दा हाल बर्षाको कारणले यस गाउँपालिकाको रिङरोड लगायत विभिन्न स्थानमा बाटो बिग्रन गई आवागमनवा समस्या परि रहेकोले तत्काल मर्मत गर्नु पर्ने अत्यावश्यकता लाई बिचार गरी रिङरोडको सुखाड - गणेशपुर खण्ड स्थित करीव २५० मिटर बाटो मा ग्राभेल र हमपाईप राखी सुचारु गरिएकोले सो वापत गेरुवा गाउँपालिकाको चालु खर्चबाट बाटो निर्माण समितिलाई रु.२,५०,०००।-भूक्तानी दिएको कार्यलाई समर्थन गर्ने र यस्तै अन्य स्थानमा समेत बाटो बिग्रन गएको, वाढी, भल लगायतको दैवि प्रकोपले क्षेति भएका स्थानहरुमा तत्काल मर्मत गर्नु पर्ने भएमा ति स्थानहरुमा समेत सम्बन्धित वडाध्यक्षज्यूको रोहवरमा स्थानीय बाटो मर्मत समिति गठन भई लागत ईस्टिमेट सहित निवेदन गरेमा समेत अत्याआवश्यकताको आधारमा तत्काल कार्यवाही अघि बढाउई कार्य सम्पन्न गर्ने र सो कार्यक्रमलाई समेत पछि योजना छनौट गर्दा सोही वडाको कार्यक्रम भित्र समावेश गरी भूक्तानी हुने व्यवस्था गर्ने गरी माग वमोजिम बाटो मर्मत अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं.४ (ख) मा छलफल गर्दा यस गाउँपालिकाको दैनिक कार्य सञ्चालनका लागि गाउपालिकाको ऐन/नियम, नीति/निर्देशन तथा कार्यविधि निर्माण कार्यमा सहयोग पुग्ने गरी प्रत्येक वडाका वडाध्यक्ष र वडा सचिवहरुले सावीक वमोजिम नेपाल सरकारबाट निर्धारित दस्तुर, सावीक गा.वि.स.परिषदको निर्णयबाट तय भएको दस्तुर दरेरेट तथा स्थानीय स्वायत्त शासन ऐन/नियम, आर्थिक ऐन/नियम र सार्वजनिक खरिद ऐन/नियमको परिधिमा रहि निर्देशित नमुना कानुनहरुमा व्यवस्था गरिएको नमुनाहरुलाई आधार बनाई हाल कायम रहेका राजश्व दररेट र अव आईन्दा तोकिनु पर्ने राजश्व दररेटको अनुमान समेतको बिबरण तयार पारी यथाशक्य छिटो गेरुवा गाउपालिका कार्यालयमा पेश गर्न निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.६**

प्रस्ताव नं.४(ग) मा छलफल गर्दा गेरुवा गाउँ कार्यपालिकाले पूर्णता पाई कार्य सञ्चालनमा आइ सकेको अवस्थामा गेरुवा गाउँ कार्यपालिका कार्य सञ्चालन ऐन/नियम/नियमावली निर्माण गर्ने, बजेट व्यवस्थापन, विनियोजन र कार्यान्वयन गर्ने लगायत नयाँ विधिको स्थापना गर्नु पर्ने र नयाँ तरिकाले कार्य सञ्चालन गर्नु पर्ने हुँदा त्यसका लागि पहिलो चरनमा निर्वाचन भई कार्य सञ्चालनमा रहेका काठमाडौं महानगरपालिकाका प्रमुख तथा पदाधिकारीज्यूहरु संग समन्वय गर्ने, गैह्र सरकारी संस्थाहरुबाट यस गाउँपालिकामा सञ्चालन हुने योजना र केन्द्रियस्तरबाट यस गाउँपालिकामा सञ्चालन हुन योजनाहरुका बारेमा संघीय मामिला तथा स्थानीय विकाश मन्त्रालयमा पहल गर्ने र गाउँ पालिका/वडा कार्यालय, गाउँपालिका बैंक र विषयगत कार्यालयहरु तथा स्थानीय जनताहरुको सुरक्षा व्यवस्थाका लागि हरेक वडामा कम्तिमा एउटा प्रहरी चौकी स्थापना गरि दिन गृह मन्त्रालयमा अनुरोध गर्ने लगायतको कार्यका यस गेरुवा गाउँपालिकाका अध्यक्ष श्री जमान सिंह के.सी., उपाध्यक्ष श्री हिम

Scanned by CamScanner

कुमारी थरुनी र कार्यकारी अधिकृत श्री भीम बहादुर खत्री सहितको टोली काठमाडौं सम्म जानका लागि मिति २०७४/४/९ देखी २०७४/४/१४ सम्म दिन ६ काज स्वीकृत गर्ने र सो अवधिका लागि गेरुवा गाउँपालिका रहेको स्थानीय वडान.५ का अध्यक्ष श्री धर्म प्रकाश थारुलाई कार्यवाहक अध्यक्षको जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं.६**

प्रस्ताव नं.४(घ) मा छलफल गर्दा आगामी श्रावण २७ गतेबाट सञ्चालन हुने गाउँसभामा प्रस्तुत गर्नका लागि तयार भएका मस्यौदाहरुमाथी छलफल गरी पास गर्नका लागि मिति २०७४/४/२५ गते कार्यापालिकाको बोर्ड बैठक बस्ने निर्णय गरियो ।

**निर्णय नं.७**

प्रस्ताव नं.४(ङ) मा छलफल गर्दा गेरुवा गाउँपालिकाबाट खरिद भएका ११ वटा हमपाईहरु मध्ये देहाय बमोजिमका हमपाईपहरु देहाय बमोजिम उपयोग गर्ने र देहाय बमोजिमका हमपाईपहरु संचित गर्ने निर्णय गरियो ।

| सि.नं | हमपाईपको विवरण | प्रयोग भएको स्थान | बाँकी रहेका हमपाईप |
|---|---|---|---|
| १ | ९० ईन्चिका हमपाईपहरु-१ | गोला-१ | -० |
| २ | ६० ईन्चिका हमपाईपहरु-३ | पाताभार-२, | -१ |
| ३ | ४५ ईन्चिका हमपाईपहरु-६ | मनाउ-१,पशुपतिनगर-२, गाउँपालिका-२ | -१ |
| ४ | ३० ईन्चिका हमपाईपहरु -५ | मनाउ-१ | -४ |

साथै उपरोक्त संचित ६ वटा हमपाईपहरु अत्यावश्यकतानसार गेरुवा गाउँपालिकाबाट वितरण गरिने समेत निर्णय गरियो ।

**निर्णय नं.८**

प्रस्ताव नं.४(च) मा छलफल गर्दा मिति २०७४/४/१६ देखी ऐ मसान्त सम्म यस गेरुवा गाउँपालिकामा मतदाता नामावली संकलन गर्न आउने टोलीलाई यस गाउँपाकिका ६ वटा वडामा २/२ दिन र बाँकी दिन गाउँपालिका कार्यालयमा बसी मतदाता नामावली संकलन गर्न अनुरोध गर्ने निर्णय गरियो ।

Scanned by CamScanner